# धन्यवाद / Acknowledgements

पहिलो पटक जननिर्वाचित प्रतिनिधिहरूमार्फत नेपालीहरू संविधान लेख्दै छन् । संविधानसभा आफ्नो काममा दत्तचित्त छ र नयाँ संविधान १४ जेठ २०६७ मा जारी गर्ने योजना यथावत छ । यद्यपि पछिल्ला घटनाक्रमले तोकिएको समयमा मुलुकको संविधान बन्ला-नबन्ला, अन्योल बढेको छ । संविधानसभा, संघीयता र राज्य पुनःसंरचनाबारे हरेक क्षेत्र, समुदायमा चासो र बहस जारी छ । नयाँ नेपालको स्वरूपबारे विभिन्न थरी दृष्टिकोण देखा परेका छन् । यस्ता कतिपय दृष्टिकोण लिखित सामग्रीका रूपमा पनि उपलब्ध छन् । तिनै सामग्रीहरूबारे जानकारी दिने पुस्तक हो– *राज्य पुनःसंरचना र संविधानसभा सन्दर्भ ग्रन्थ*।

लगभग तीन महिनाको समयावधिमा तयार भएको हो यो पुस्तक । मार्टिन चौतारी पुस्तकालय तथा मिडिया सेन्टरमा उपलब्ध सामग्री (पुस्तक, जर्नल) ले सूची निर्माण कार्यलाई छिटो र सरल बनाइदियो । पुस्तकमा परेका सामग्रीको जानकारी काठमाडौंका केही पुस्तकालय (संवैधानिक संवाद केन्द्र पुस्तकालय, संविधानसभा सचिवालय पुस्तकालय, सोशल साइन्स बहाः पुस्तकालय, साप-

नेपाल पुस्तकालय) बाट संकलन गरिएको हो। त्यस्तै, विभिन्न संघसंस्था (समसामयिक अध्ययन केन्द्र, सोशल साइन्स बहाः, राष्ट्रिय दलित नेटवर्क, शान्तिका लागि साझा अभियान, संविधान विशेषज्ञ समूह, आदि)ले पनि आ-आफ्ना प्रकाशित/अप्रकाशित सामग्री हामीलाई उपलब्ध गराए। नयाँ पुस्तकबारेको जानकारी काठमाडौँका पुस्तक पसलहरू (मण्डला बुक पोइन्ट, सरस्वती पुस्तक पसल, प्रगति पुस्तक सदन, पैरवी बुक्स हाउस, पैरवी प्रकाशन प्रालि) बाट लिइयो। यी सबै संस्थाहरूप्रति हामी आभारी छौँ। संवैधानिक संवाद केन्द्र पुस्तकालय र संविधानसभा सचिवालय तथा पुस्तकालयका कर्मचारीप्रति हामी अनुगृहीत छौँ। सामग्री सङ्कलनको क्रममा सहयोग गर्नुहुने नविन कुमार श्रेष्ठ र भरतराज अधिकारीलाई पनि धन्यवाद छ।

यस पुस्तकको परिकल्पना र प्रकाशनमा मार्टिन चौतारीका प्रत्यूष वन्तको हुटहुटीको प्रमुख भूमिका छ। उहाँकै प्रस्तावस्वरूप संकलित सन्दर्भ सामग्रीले सन्दर्भ ग्रन्थको रूप पाएको हो। राज्य पुनःसंरचना र संविधानसभाबारे मार्टिन चौतारी पुस्तकालयमा उपलब्ध पुस्तक, लेख, आदिको खोजीमा सघाउने उपासना पण्डित, विद्या शर्मा, रमिता महर्जन, बुद्ध श्रेष्ठ र अंकलाल चलाउनेलाई धन्यवाद दिन चाहन्छौँ। पुस्तक निर्माणको क्रममा सहयोग गर्नुहुने रश्मि शीला, शेखर पराजुली, शरद घिमिरे, र परिचय खण्ड सम्पादनमा सहयोग गर्नुहुने रमेश पराजुलीलाई धन्यवाद छ। पुस्तकको प्रुफरिड गर्ने राम तिवारी र लेआउट तथा कभर डिजाइन गर्नुहुने किशोर प्रधानलाई पनि धन्यवाद छ।